किसान अधिकारप्रति समर्पित

# राष्ट्रिय कृषक समूह महासंघ, नेपाल

# National Farmer Group Federation, Nepal




# वार्षिक सङ्गालो

(२०७९/०८०)



राष्ट्रिय कृषक समूह महासंघ, नेपाल
कर्णाली प्रदेश कार्यसमिति दोस्रो अधिवेशन



प्रदेशस्तरीय नीतिगत संवाद: कर्णाली प्रदेश



किसान परिचयपत्र ज्ञान यात्रामा सहभागी
सरकारी तथा गैर सरकारी प्रतिनिधि



भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
मधेश प्रदेश संगको नीतिगत संवाद



बिउ उत्पादक किसान धानको बिउ उत्पादन
सम्बन्धि तालिम



कृषक पाठशाला: स्वयंसेवक किसान
क्षमता विकास तालिम

## हार्दिक आभार

जन्मँदै आफ्नो पेसागत हक/अधिकार सुनिश्चितताको परिकल्पना लिएर स्थापना भएको राष्ट्रिय कृषक समूह महासङ्घ नेपालले तह्रौं वर्षगाँठ मनाइसकेको छ।

आफ्नो अधिकार खोजी गर्नेले आफूभित्रका सुशासन, जवाफदेहिता, पारदर्शिता र मितव्ययिता भुल्नुहुन्न। यस विषयमा महासङ्घ सचेत छ। यिनलाई सुनिश्चित गर्ने धेरै रणनीतिमध्ये सामाजिक लेखाजोखा पनि एउटा हो। त्यसैले महासङ्घले आफ्नो स्थापनाको छोटो अवधिमा नौवटा सामाजिक लेखाजोखा सम्पन्न गरिसकेको छ र यतिखेर दसौं लेखाजोखाको सङ्घारमा छ। यसअघिका लेखाजोखाले काममा उत्प्रेरित गरेको र जवाफदेही बन्न सजग गराएकाले नै महासङ्घले यसलाई निरन्तरता दिएको हो।

महासङ्घले सामाजिक लेखाजोखालाई कार्यक्रमको उपलब्धि र आर्थिक विवरण सार्वजनिक गर्ने प्रक्रिया मात्र बुझेको छैन। यो संस्थाको लक्ष्य, मूल्य/मान्यता र रणनीतिसमेत परीक्षण गराउने महत्वपूर्ण मौका हो। सामाजिक लेखाजोखा एउटा क्रियाकलापको घटना मात्र नभई वास्तवमा एउटा त्यस्तो प्रक्रिया हो जसले जवाफदेही र पारदर्शिता प्रवर्द्धन गर्छ। संस्थाभित्रको सामाजिक र नैतिक योग्यता पनि जाँच गर्छ।

आफ्ना विविध अप्ठ्यारालाई थाती राखी महासङ्घको निमन्त्रणा स्वीकार गरी कार्यक्रममा उपस्थित भई महत्वपूर्ण सुझाव दिनुका साथै महासङ्घलाई सजग बनाई यहाँसम्म पुग्न सहयोग गर्नुहुने सम्पूर्ण महानुभावप्रति कृतज्ञता व्यक्त गर्छु। साथै यस पुस्तिका प्रकाशनमा सहयोग गर्नुहुने केएर नेपालको पोषण परियोजना प्रति हार्दिक आभार प्रकट गर्दछौ।

विगत वर्षहरूझैं यस वर्ष पनि यहाँहरूको रचनात्मक सल्लाह/सुझावको अपेक्षा गरेको छु। साथै महासङ्घको आगामी यात्रा पनि त्यसैका आधारमा तय गर्ने विश्वास दिलाउन चाहन्छु।

जय किसान

नवराज बस्नेत
अध्यक्ष

# विषय - सूची

पृष्ठभूमि......................................................................१

खण्ड क

१. नवौं सामाजिक लेखाजोखाको सङ्क्षेपीकरण.................................२

क. सामाजिक लेखाजोखा सञ्चालन तौरतरिका/विधि...................२

ख. सुझाव, प्रतिबद्धता र प्रयास................................................३

२. आ.ब. २०७९/०८० प्रगति समीक्षा..........................................६

क. अभियानगत प्रगति विवरण.................................................६

ख. आर्थिक विवरण...............................................................२३

खण्ड ग

१.महासङ्घको संस्थागत अवस्था विश्लेषण अध्ययन नतिजा.............३०

२. संस्थागत अभियान र सवालगत पैरवी.....................................३०

क. स्थापना कालदेखि महासङ्घले पैरवी गर्दै आएका विषय..............३०

ख. सातौं राष्ट्रिय परिषद घोषणापत्र............................................३२

## पृष्ठभूमि

नेपाल कृषिप्रधान देश हो । करिब दुईतिहाइ जनताको पेसा कृषि भएर पनि देश कृषिमै आत्मनिर्भर हुन सकेको छैन । उत्पादनका लागि अत्यावश्यक मल, बिउ, प्रविधि, उपकरणलगायतका पूर्वाधारमा देश आत्मनिर्भर हुनुको सट्टा दिन/प्रतिदिन परनिर्भर बन्दै गइरहेको छ । कृषिलाई सम्मानित पेसाका रूपमा स्थापित गराउन नसक्दा एकातिर युवा जनशक्ति विदेश पलायन भएको छ भने अर्कोतिर कृषि क्षेत्र महिला तथा वृद्धवृद्धाको जिम्मामा पुगेको छ । फलस्वरूप उत्पादनयोग्य जमिन बाँझो रहने र खरबौं रुपियाँको कृषिजन्य उत्पादन आयात गर्नुपर्ने अवस्थामा मुलुक पुगेको छ । यसको दोषी को ? अथाह सम्भावनाबीच पनि कृषि क्षेत्रको अवस्था झन् दयनीय बन्दै जानाले यसमा अहोरात्र खटिने कृषक जति चिन्तित छन् त्यति चिन्तित यहाँका जिम्मेवार निकाय हुन सकेका छैनन् । मुख्य चिन्ताको विषय यही हो ।

परम्परादेखि मुलुकको आर्थिक एवं सामाजिक उन्नति र समग्र विकासमा अत्यन्त महत्वपूर्ण एवं संवेदनशील स्थान ओगट्दै आएको कृषि क्षेत्रको संरक्षण, सम्बर्द्धनमार्फत राष्ट्र निर्माण गर्ने गहन जिम्मेवारी बोकेको कृषक राज्यको मूलधारमा आउन सकेको छैन । यसै सन्दर्भमा कृषक वर्ग र किसानको हक अधिकार प्राप्तिका लागि बहस/पैरवी गर्न कृषकलाई स्थानीयदेखि केन्द्रीय स्तरसम्म सङ्गठित गराउँदै सेवाप्रदायक निकायहरूमा उनीहरूको पहुँच वृद्धि गरी दिगो तथा आत्मनिर्भरमुखी उत्पादनमार्फत राष्ट्रिय उत्पादकत्वमा टेवा पुऱ्याउन जरुरी थियो । यसै उद्देश्यका साथ राज्य र कृषकहरूको सेतुका रूपमा कृषिप्रधान देशको मर्मलाई सार्थक तुल्याउनका लागि राष्ट्रिय कृषक समूह महासङ्घ, नेपाल स्थापना भएको हो । जसले नेपाल सरकारमार्फत देशैभरि गठन भई क्रियाशील कृषक समूहहरूको क्षमता विकास गर्ने अठोट लिएको छ । साथै सरकारी/गैरसरकारी सङ्घ/संस्थाहरूसँग समन्वयात्मकरूपले विकास अभियानमा सरिक हुने लक्ष्यसमेत यसको छ ।

कृषकहरूको छाता सङ्गठनको रिक्तता महसुस हुनु नै यो महासङ्घ जन्मको मुख्य आधार हो । जसले सम्बन्धित निकायमा दर्ता भई देशभरि छरिएका क्रियाशील कृषक समूह, पशु सेवा समूह र कृषि सहकारीहरूलाई आबद्ध गर्दै आएको छ । तत्कालीन गा.वि.स., सेवा केन्द्र (इलाका), जिल्ला, क्षेत्र हुँदै राष्ट्रिय स्तरसम्मको संरचना निर्माण गरेको राष्ट्रिय कृषक समूह महासङ्घ गठनको जग २०६८/५/२३ गते मध्यमाञ्चल क्षेत्रीय कृषि निर्देशनालय हरिहरभवनमा भएको छलफल थियो । जतिबेला कृषक समूहहरूका अगुवा प्रतिनिधिहरूको भेला भएको थियो र उनीहरूले नै यस्तो महासङ्घको औचित्य औंल्याएका थिए । यिनै अगुवाहरूको निरन्तर प्रयासपछि महासङ्घ देशैभरि कार्यक्षेत्र रहने गरी २०६८ चैत १४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको हो ।

महासङ्घ त्यसयता कृषि विकास र किसान अधिकारका लागि सम्बन्धित निकायमा पैरवी गर्दै अगाडी बढिरहेको छ । पारदर्शिता, सहभागितामूलक अनुगमन र संस्थागत उत्तरदायित्वलाई आत्मसात गर्दै महासङ्घले आफ्ना कार्यहरूको मूल्याङ्कन गराउने कार्य पनि थालनी गरेको छ । महासङ्घले वर्षभरिमा गरेका क्रियाकलापलाई आन्तरिक एवं बाह्य सरोकारवालाबीच सार्वजनिकीकरण गरी प्राप्त सुझावका आधारमा प्रभावकारिता अभिवृद्धि गर्दै अगाडि बढ्नका लागि सामाजिक लेखाजोखा गर्दै आएको छ ।
सामाजिक लेखाजोखामार्फत महासङ्घको नीति/नियमअन्तर्गत सञ्चालित गतिविधि एवं त्यसको परिणाम र त्यसले लक्षित वर्गको जीवनमा पारेको प्रभावलाई आत्मसात गर्ने, वर्षभरि गरिएका अभियान र त्यसका स्रोतका साथै हासिल उपलब्धि एवं सिकाइबारे सहभागीबीच अनुभव आदान-प्रदान गर्ने गरिएको छ । लेखाजोखामा आएका सुझाव एवं सल्लाहलाई महासङ्घले मार्गनिर्देशनको रूपमा लिइ कार्ययोजना बनाएर अघि बढ्ने अभ्याससमेत गर्दै आएको छ ।

## खण्ड क

## १. नवौँ सामाजिक लेखाजोखाको सङ्क्षेपीकरण

२०७९ फाल्गुण १९ गतेका दिन विभिन्न सरकारी निकाय, गैरसरकारी सङ्घ/संस्थाका प्रतिनिधि, कृषि विज्ञ, महासङ्घका तहगत संरचनाका प्रतिनिधि, अगुवा कृषक, किसान अभियन्ता, पत्रकारलगायत १०१ जनाको उपस्थितिमा नवौँ सामाजिक लेखाजोखा कार्यक्रम भएको थियो ।

महासंघका केन्द्रिय अध्यक्ष नवराज वस्नेतको अध्यक्षता, राष्ट्रिय किसान आयोगका अध्यक्ष प्रेम दंगालको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा विशेष अतिथिको रुपमा राष्ट्रिय किसान आयोगका प्रबक्ता एवं सदस्य जीवन्ति पौडेल, कृषि विज्ञ लुमनाथ अधिकारी, राष्ट्रिय कृषक समूह महासंघ, नेपालका संरक्षक एवं संस्थापक अध्यक्ष उद्धव अधिकारीको उपस्थिति रहेको थियो ।  यस कार्यक्रममा कृषिसंग सरोकार राख्ने विभिन्न सरकारी, गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरु, दातृ संस्थाका प्रतिनिधिहरु, विभिन्न संचार माध्यामबाट पत्रकारहरु, महासंघका सल्लाहकार तथा तहगत महासंघबाट प्रतिनिधिहरुको उपस्थिती रहेको थियो । कार्यक्रम संचालन महासंघका महाचिव रिता बस्ताकोटीले गर्नु भएको थियो । कार्यक्रममा सहभागीहरुलाई स्वागतका गर्नुका साथै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुहुने राष्ट्रिय कृषक समुह महासघं नेपालका उपाध्यक्ष शशिराम आचार्य हुनुहुन्थ्यो । महासंघको आर्थिक तथा कार्यक्रम गतिविधि उपाध्यक्ष पंचकाजी श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतिमा संस्थाको संरचना र अवस्था, आर्थिक बर्ष २०७८/ ७९ को प्रगति समीक्षा र आय व्यय विवरण समाबेश गरिएको थियो । प्रस्तुती पश्चात् महासंघको वर्षभरीको विविध गतिविधि समेटिएको भिडियो देखाइएको थियो । बारा जिल्लाबाट सीतादेवी आचार्य र सुर्खेतबाट मनिसा बिकले मल, बीउ, बजारमा मूल्य नपाएको लगायका समस्यका तथा महासंघको एक्टीभ परियोजनाको क्रियाकलाप मार्फत गरीव परिवारलाई मोटर पाइप हजारी तरकारीको बीउ प्राप्त भएको जानकारी गराउनु भएको थियो ।

### क. सामाजिक लेखाजोखा सञ्चालन तौरतरिका/विधि

वार्षिक गतिविधि समीक्षा

१. आर्थिक कारोबार र दस्ताबेजीकरणको अवस्था समीक्षा
२. श्रव्यदृश्य सामग्री प्रस्तुति
३. विभिन्न जिल्लाका किसानद्वारा आफ्ना भोगाइ प्रस्तुत
४. लेखा परीक्षकको समीक्षा
५. सुझाव सङ्कलन
६. जिज्ञासा उपर प्रतिबद्धता
७. समापन

**ख सुझाव पेटिकामा राखिएका सुझाव: - (जस्ताको तस्तै)**

| बलियो पक्ष | सुधारात्मक पक्ष |
|---|---|
| १. किसानको एकता | १. सीमान्त र साना किसानको पक्षमा सरकारको ध्यानको लागि थप काम गर्नु पर्ने देखिन्छ । |
| २. श्रव्यदृष्य | २. श्रोत साझेदारबाट आएको श्रोतहरुलाई छुट्याएर प्रस्तुतीकरण गर्दा राम्रो हुने थियो । |
| ३. किसानलाई एकताबद्ध गराउने पक्ष सवल छ । | ३. तलभन्दा तलको किसानलाई अझ गोलबद्ध गराउनु पर्ने । |
| ४. आकर्षक प्रस्तुती | ४. समयको पालनामा ध्यान दिनु पर्ने |
| ५. सरोकारवाला र सम्बन्धित सवैलाई समेटीनुले महासंघको ओज बढेको । | |
| ६. लेखाजोखा प्रस्तुती | ५. डिजीटल माध्यम प्रयोग गर्दा अझ प्रभावकारी हुनेछ । |
| ७. प्रस्तती र विषय बस्तुहरु व्यापक तथा व्यावहारीक छन् । | ६. संस्थागत संरचनाहरुको विस्तार र अध्यावधिक गर्न विषेश कार्ययोजना तयार गर्नु पर्ने । |
| ८. लेखाजोखा पारदर्शि र सबैले बुझ्ने गरी भएको । | ७. एकल महिला, जनजाती, अपाङ्ग, पिडित, दलित र गैर दलित महिलाहरुलाई बढी समेट्न पर्ला । |
| ९. इमान्दारीता, पारदर्शिता र जिम्मेवारी बहन । | ८. तहगत संरचना विच सम्पर्क र समन्वय कायम राख्नु पर्ने । |
| १०. अझै सवै पालिकासम्म जानु पर्ला । | ९. ७५३ वटै स्थानीय तहमा संरचना निर्माणमा जोड दिनु पर्ने |
| ११. साना किसान भुमिहिनहरुको समस्यालाई संघीय सरकार प्रदेश सरकार सम्म पुऱ्याउन गरेको पहल | १०. किसानको एकता र महासंघलाई अझ बलियो बनाउनु पर्छ |
| १२. सबै किसान संघसंगठन र सरोकारवालाको साझा सहभागिता | ११. कृषि अभियानको नेतृत्व महासंघले गरोस । |
| १३.वार्षिक गतिविधिको संगालो प्रकाशन र वितरण | १२. आवधिक अनुगमनको सुझावहरुलाई समेत प्रकाशनमा समावेश गर्दा राम्रो हुने । |

| | |
|---|---|
| १४. किसानका हक अधिकारका लागि स्थानीय तह देखि माथिल्लो तहसम्मको संस्थागत पैरवी | १३. सदस्यता र संगठन विस्तार साथै किसानलाई सामाजिक सुरक्षाको लागि पहल कद्मी लिनुपर्ने । |
| १५. श्रव्यदृव्य प्रस्तुतीकरण ह्याडसआउट उपलव्ध<br>१६. फेस बुकमा लाइभ भएको<br>१७. उत्पादनमा समग्र विस्तृत माइको एनालाइस | १४. संजालमा अपलोड, डिजिटल प्रति उपलव्ध गराउनु पर्ने<br>१५. विस्तृत विवरण उपलव्ध गराइएका<br>१६. वेवसाइट अपटुडेटमा हाल्ने |
| १८. बलियो पक्षमा प्रमुख त संगठनै देखिन्छ । | १७. अर्गानिक मलको कारखाना उद्योग नेपालमा नै हुनु पर्ने हो यसमा राष्ट्रिय कृषक समुह महासंघ नेपालको ध्यान जाओस । |
| १९. किसानको पहिचानको अभ्यास । | १८. राज्यले स्वामीत्व लिने र परिचयपत्रको व्यवहारिक प्रयोगको लागि महासंघले थप पैरवी गर्ने । |
| २०. तौर तरीका र व्यवस्थापन राम्रो र ब्यवस्थित । | १९. कार्यक्रमको तालिका उपलव्ध भएको भए सहज हुन्थ्यो । |
| २१. नेतृत्वको विस्वसनियता र एकता प्रशासनिक इमान्दरिता र पारदर्शिता | |
| २२. खाद्य अधिकार, खाद्यसुरक्षा तथा संप्रभुता ऐनको स्थानियकरणको लागि महासंघको प्रयास | २०. कृषि उपजको बजारकरण र उचित मूल्यको लागि महासंघले थप पहल गरोस । |
| २३. न्यायिक बाटोद्धारा गरेका पैरवी | २१. न्यायलयमा गरेका पैरवीको दस्तावेजिकरण गर्नुपर्ने । |

३. आगामी दिनमा महासंघको सामाजिक लेखाजोखा कार्यक्रमलाई थप प्रभावकारी बनाउन

| **लेखाजोखाको क्रममा वक्तहरुबाट प्राप्त राय/सुझाव** |
|---|
| १. कार्यक्रमहरुलाई छोटो र छरितो बनाउन सक्दा राम्रो ।<br>२. उदाहरणीय पालिका निर्माण गरी सिकाई विस्तार गर्ने ।<br>३. कृषिलाई पोषण र उद्यमको रुपमा विकास गर्ने ।<br>४. महासंघका गतिविधिहरुलाई विस्तार गरी देशब्यापी बनाईनुपर्ने ।<br>५. दिगो विकास लक्ष्यको स्थानीयकरणको लागि महासंघले प्रयास गरोस । |

४. महासंघका गतिविधिहरुलाई विस्तार गरी देशव्यापी बनाईनुपर्ने ।

५. दिगो विकास लक्ष्यको स्थानीयकरणको लागि महासंघले प्रयास गरोस ।

६. कृषि वन एवं औषधिजन्य जडिबुटियुक्त बालीहरुको प्रवर्द्धनका लागि पैरवी गर्नु पऱ्यो ।

७. किसानको घरधुरी तहमा सचेतना मुलक कार्यक्रम विस्तार गरोस ।

८. महासंघ सबै संघसंगठन, संस्थाहरुको अभिभावक बनोस ।

९. अभियानलाई थप व्यवस्थित बनाउन तहगत संरचनामा अनुभवी र वस्तविक किसानका आवाज उजागर गर्ने संगठन निर्माण गरियोस ।

१०. प्रदेश र पालिका तहमा पनि सामाजिक लेखाजोखा गर्ने व्यवस्था गरियोस ।

११. कार्यक्रममो सहभागिताको लागि पत्र सहित कार्यक्रम तालिका पनि पठाईने व्यवस्था गरिनुपर्ने ।

## २. आ.व.२०७९/०८० को प्रगति समीक्षा

### क. अभियानगत प्रगति

महासङ्घले आफ्ना गतिविधिलाई योजनाबद्ध ढङ्गले सञ्चालन गर्न पञ्चवर्षीय रणनीतिक योजना बनाएको छ । उक्त रणनीतिक उद्देश्य र क्रियाकलापलाई समयसापेक्ष संशोधन र परिवर्तन गर्दै आएको छ । महासङ्घको रणनीतिक लक्ष्यअनुसारका क्रियाकलाप :

**रणनीतिक लक्ष्यहरू**

**रणनीतिक लक्ष्य १ :** सदस्य समूहको भूमि, प्राविधिक सेवा, पुँजी र बजारमा पहुँच सुनिश्चित गर्ने ।

**रणनीतिक उद्देश्य १.१ : सदस्य समूहको हक अधिकार सुनिश्चतताका लागि ऐन/कानुन, नीति/नियमावली, योजना तथा कार्यक्रमहरू निर्माण, परिमार्जन र प्रभावकारी कार्यान्वयन गर्न तथ्यमा आधारित पैरवी गर्ने ।**

**आ.व. २०७९/०८० मा महासङ्घले गरेको सवालगत पैरवी र उपलब्धि**

| सवाल | महासङ्घको पैरवी | उपलब्धि |
|---|---|---|
| नेपालको संविधान २०७२ को व्यवस्था, खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभुता | खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभुता नियामावली जारी गर्नको लागि नियमीत पैरवी<br><br>स्थानीयकरण:<br><br>ली-वर्ड नेपाल र WHH संगको सहकार्यमा राष्ट्रिय कृषक समूह महासंघ नेपालका विभिन्न तहगत संरचनाका पदाधिकारीहरूको सहभागितामा पोषण सुरक्षाको लागि कृषि, खानेपानी सरसफाइ र प्राकृतिक श्रोतको एकीकृत व्यवस्थापन अन्तर सम्बन्ध र योगदान साथै पर्यावरणमा आधारीत दिगो कृषि र किसान अधिकार बारेमा शिकाई आदान-प्रदान ।<br><br>लेकबेशी नगरपालिका सुर्खेतका नगरप्रमुख उमेश कुमार पौडेलको प्रमुख आतिथ्यमा स्थानीय तहमा खाद्य अधिकारको अभ्यासबारे सेवा प्रदायक निकाय, सरोकारवाला र किसान भूमिकाबारे अन्तरक्रिया,<br><br>सिरहाको धनगढीमाई नगरपालिका, लक्ष्मिपुरपतारी, भगवानपुर, सखुवानन्कारकट्टि गाउँपालिका, सप्तरीको अग्निसाईरकृष्ण सवरन र रुपीनी गाउँपालिका, बाराको जीतपुरसिमरा उपमहानगरपालिका, कलैया उपमहानगरपालिका, गढिमाई नगरपालिका र रौतहटको गौर नगरपालिकामा समुदाय तहमा उत्पादनमा आधारीत खाद्य सुरक्षा सम्बन्धि अभ्यास गरिएको छ । साथै पालिका स्तरमा खाद्य अधिकार सम्बन्धी नीतिगत संबाद गरिएको छ । | खाद्य अधिकार, खाद्य सुरक्षा तथा संप्रभुता नियमावली अन्तिम चरणमा रहेको र छिटै जारी हुने मन्त्रालयले छ । |

| | | |
|---|---|---|
| खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभुता ऐनको स्थानीयकरण | खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभुता ऐन २०७५ स्थानीयकरण साथै कृषिको रूपान्तरण एवं कृषि विकासमा स्थानीय सरकारको अग्रसरता स्थापित गराउन साथै साना, सीमान्त किसानको माग सम्बोधनका लागि स्थानीय सरकारलाई सहजीकरण गरीएको छ आ.व. २०७९/८० सम्म आईपुग्दा महासंघले स्थानीय कृषि ऐन निर्माण प्रकृयामा ५३ वटा स्थानीय सरकारलाई सहजीकरण गरेको छ । | ऐनको मस्यौदा तयार गरी ७५३ वटै पालिकामा स्थानीय कृषि ऐन निर्माणको अभियान |
| किसानी ज्ञान, सीप, र अभ्यासको प्रर्वद्धन विषयगत दिवशको सम्मान | धान दिवस, खाद्य दिवस, अन्तर्राष्ट्रिय ग्रामीण महिला दिवस, अन्तर्राष्ट्रिय महिला दिवस, कोदो दिवस, महासंघको स्थापना दिवस आदिमार्फत विषयगत सवाल उठान र पैरवी गरिएको छ ।<br><br>२०७९ श्रावण १५: "कोदोको योगदानः खाद्य तथा पोषण सुरक्षामा वरदान" भन्ने नाराका साथ दोस्रो कोदोजन्य वाली दिवस मकवानपुरको भिमफेदी ५ छवेलीमा मनाइएको छ ।<br><br>उत्पादन, पोषण र वातावरणमा सुधारः सुखी जीवनको आधार' भन्ने मुल नाराका साथ असोज ८ गतेदेखि कार्त्तिक ४ गतेसम्म ४२ औं खाद्य दिवस दिवस मनाइएको छ ।<br><br>१५ औ अन्तराष्ट्रिय ग्रामीण महिला दिवस एवं ४२ औं विश्व खाद्य दिवसको सन्दर्भमा राष्टिय कृषक समूह महासंघ नेपालको अगुवाइमा फियान नेपाल, खाद्यको लागि कृषि अभियान लगायत विभिन्न २१ वटा संघसंस्थाहरुको संयुक्त आयोजनामा सुर्खेतको विरेन्द्रनगरमा २५० जनाको सहभागितामा नागरीक र्‍याली साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीको प्रमुख आतिथ्यता खाद्य ग्रामिण महिला र खाद्य दिवस विषयक प्रदेश स्तरीय अन्तरकृया गरिएको छ ।<br><br>१६ अक्टोबरका दिन, माईतीघर मण्डला देखि बानेश्वरसम्म र्‍याली सहित राष्ट्रिय कृषक समूह महासंघ नेपाल, दिगो विकास ईन्सिटिचिउट, फियान नेपाल, खाद्यको लागि कृषि अभियान लगायतका संस्थाहरुको संयुक्त आयोजनामा अन्तरकृया गरी खाद्य दिवस मनाईएको छ । अन्तरकृयामा राष्ट्रिय कृषक समूह महासंघ नेपाल र फियान नेपालले कृषि नीति, साना किसान र खाद्य प्रणाली विषयक संबादको अगुवाई गरेको थियो ।<br><br>लक्ष्मिपुर पतारी गाउँपालिका सिरहा, जीतपुरसिमरा उपमहानगरपालिका बारा, भेरीगंगा नगरपालिका सुर्खेत, साँफेबगर नगरपालिका अछाम लगायत विभिन्न पालिका र राष्ट्रिय तहमा सरकारसंगको सहकार्यमा असार १५ गते धान दिवस मनाइयो । | सरकार तथा अन्य सरोकारवालाको सहकार्यमा विभिन्न दिवस मनाइँदै आएको र सरोकारवाला क्षेत्रहरूमा महासङ्घको प्रतिनिधित्व भई पहिचान स्थापित भएको छ । |
| | | |

| | | |
|---|---|---|
| किसानको योगदान, वर्गिकरण सहित परिचयपत्र र सेवा सुविधा र पहिचान | किसान परिचयपत्र वितरण प्रक्रिया, कार्यविधिको स्वरूप,परिचयपत्र वितरण र त्यसमा आधारीत सेवा सुविधाबारे सम्वाद एवं कार्यान्वयन अभ्यास<br><br>५. सुदूरपश्चिम प्रदेशको नमुना अभ्यास अन्तर्गत कैलालीको गोदावरी नगरपालिकाले किसानलाई वर्गिकरण सहितको किसान परिचय पत्र वितरण गरेको छ । त्यसैगरी कंचनपुरको कृष्णपुर नगरपालिकाले वर्गिकरण सहित किसान परिचयपत्र वितरण र त्यसमा आधारित सेवा सुविधाको अभ्यास गरेको छ ।<br><br>६. सप्तरीको अग्निसाईर कृष्णासवरन र रुपिनी गाउँपालिका, सिरहाको धनगढिमाई नगरपालिका साथै लक्ष्मिपुरपतारी, भगवानपुर र सखुवानन्कारकट्टि गाउँपालिका किसान परिचय-पत्र वितरण<br><br>७. कोशी प्रदेशमा कृषिको अवस्था र सम्भावना साथै वर्गिकरण सहितको किसान परिचपयपत्र वितरणको लागि नीतिगत तथा कार्यान्वयन तहमा देखिएका चुनौती र समाधानका उपायहरू’ विषयक सबांद भएको छ । | विभिन्न १९ वटा स्थानीय तहमा किसान परिचयपत्र कार्यविधि तयार, परिचयपत्र र त्यसमा आधारीत सेवा सुविधाको अभ्यास गरेका छन् । |
| “स्वच्छ खाना स्वास्थ्य उत्पादन,रैथाने प्रविधि किसानको सान” | ‘विषादीरहित खाना : हाम्रो अधिकार’ अभियान<br><br>२०७९ श्रावण १०: किसानी तहमा अवलम्बन गरिएका विद्यमान पर्यावरणीय कृषिको अभ्यास एवं पर्यावरणीय कृषिको लागि राज्यले व्यवस्था गरेको नीति कार्यक्रम र बजेटको अवस्था बारे राष्ट्रिय कृषक समूह महासंघ नेपाल, खाद्यका लागि कृषि अभियान र एक्सन एड नेपालको संयुक्त सहकार्यमा गरिएको अध्ययन नतिजा बारे किसान, कृषि अभियन्ता, सरोकारवाला, नीति निर्माताहरूको सहभागितामा छलफल ।<br><br>२०७९ श्रावण २२: मण्डनदेउपुर नगरपालिकाका नगर प्रमुख श्री टोक बहादुर वाइवाको अध्यक्षता कृषि वन सहज कार्यक्रमको परिचय र पालिकाको सहभागितामुलक सुनिस्चितता प्रणाली प्रवर्द्धन कार्यविधिको मस्यौदा माथि छलफल ।<br><br>२०७९ पौष ५: राष्ट्रिय कृषक समूह महासंघ, नेपाल र कृषि वन सहज कार्यक्रम(FFF)को साझेदारीतामा वागमती प्रदेशस्तरीय, सहभागितामुलक सुनिश्चितता प्रणाली अभ्यास (रैथाने अभ्यासको प्रवर्धन जस्तै भोर्लाको पातमा बेर्ना, केराको सुप्लोको टोपी, खरानी, तितेपाती, बकाईनो, पशुपिसाव आदीको प्रयोग तथा उपयोग सम्बन्धी शिकाई कार्यशाला | ‘स्वच्छ खाना : हाम्रो अभियान’ ले सबैका सामु स्थान पाएको छ । महासङ्घले कृषक समूहमा पर्यावरणीय कृषि प्रबर्द्धनको काम गरिरहेको छ । |

| | | |
|---|---|---|
| खाद्य प्रणाली रूपान्तरण, परम्परागत ज्ञान, सीप र प्रविधि हस्तान्तरण | राष्ट्रिय योजना आयोगले आयोजना गरेका समीक्षा कार्यक्रमहरुमा सहभागी भई खाद्य प्रणाली अन्तर्गत रहेका ६ वटै कार्यक्षेत्रमा आधारीत रहि यसको स्थानीयकरणको लागि महासंघले गरेका वार्षिक गतिविधि सहित प्रतिवेदन पेश ।<br><br>सेप्टेम्बर १४: राष्ट्रिय योजना आयोग र संयुक्त राष्ट्र संघको आयोजनामा समतामूलक, उत्थानशील र दिगो खाद्य प्रणाली उन्मुख नेपाल भन्ने नाराका साथ चौथो राष्ट्रिय खाद्य प्रणाली संवाद कार्यक्रममा दिगो खाद्य प्रणालीका ६ वटै विभिन्न कार्यक्षेत्रमा छलफल तथा संवादमा महासंघले सहभागिता र प्रतिबद्धता ।<br><br>राष्ट्रिय कृषक समूह महासघ नेपाल र CARE Nepal को साझेदारीमा ११ वटा स्थानीय सरकारसंगको समन्वयमा घरधुरी तहमा खाद्य प्रणालीको सवलीकरणको लागि विविधिकृत पोषण घरबगैंचा नमुना अभ्यास प्रवर्द्धन | राष्ट्रिय योजना साथै खाद्य प्रणालीको स्थानीयकरण र सवलिकरणमा महासंघको योगदान |
| "कृषि भूमिको संरक्षण, हाम्रो सरोकार" | २०७९ असोज ९: राष्ट्रिय कृषक समूह महासंघ नेपाल र राष्ट्रिय समावेशी आयोगको संयुक्त आयोजनामा कृषि र गैरकृषि भूमिको वर्गिकरण एवं भू उपयोग नियमावली र किसानको हक सम्बन्धी नीतिगत संवाद । | सरकारको ध्यानाकर्षण |
| "सामाजिक न्यायमा आकषर्ण सरकारलाई ध्यानाकर्षण" | राष्ट्रिय कृषक समूह महासंघ, नेपाल, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, राष्ट्रिय संजाल, तथा न्याय तथा अधिकार संस्था (जुरी- नेपाल), राष्ट्रिय सिचाई जल उपभोक्ता महासंघ नेपाल, फियान नेपाल र खाद्य अधिकारका लागि राष्ट्रिय संजालले संयुक्त रुपमा कृषकलाई रासायनिक मल खरिदमा दिंदै आएको अनुदानका रकम नघटाउन सरकारलाई ध्यानाकर्षण ।<br>स्थानीय दुग्ध प्रणालीको सवलीकरणको आवश्यकता औल्याउदै दुग्ध आयात रोक्न सरकारको ध्यानाकर्षण ।<br>२०८० बैशाख १३: राष्टिय कृषक समूह महासंघ नेपाल, फियान नेपाल लगायतका नागरीक संगठनको टोलीद्धारा खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य संप्रभुता नियामावली पारित गरी किसान अधिकार र खाद्य अधिकार सुनिश्चितताको लागि कृषि तथा पशुपंक्षि विकास मन्त्री माननीय डा. बेदुराम भुषालको ध्यानाकर्षण ।<br>१. वास्तविक किसानका जायज माग राखी काठमाडौंको भुगोलपार्कमा २०८०/०१/०५ देखि आमरण अनसन बस्नु भएका ककनी गाउँपालिका नुवाकोटका किसान श्रीराम घिमिरेले उठाउनु भएको सवालहरूमा ऐक्यबद्धता<br>२. विमा कम्पनीहरुले कृषि विमा पोलिसी जारी नगर्ने निर्णय गर्दै विमा कार्य स्थगन गरेको प्रति बीमा सुचारु गर्न गम्भीर ध्यानाकर्षण । | सरकारको ध्यानाकर्षण |
| "कहा छ समाजवाद कर्णाली संवाद" | राष्ट्रिय कृषक समुह महासंघ नेपालको आयोजनामा मानव अधिकार तथा वातावरण विकास केन्द्र (हुरेन्डेक) नेपालको सहकार्यमा कर्णाली क्षेत्रमा रहेका कृषि र कृषकका सवालहरु सार्वजनिक गर्ने र सरोकारवालाहरुबीच साझा | |

| | | |
|---|---|---|
| | अवधारणा ।<br><br>कर्णाली र वागमती प्रदेश तहमा खाद्य अधिकार, खाद्य सुरक्षा,खाद्य संप्रभूताको व्यवहारीक कार्यन्वयन विषयक प्रदेश स्तरीय नीतिगत संबाद । | |
| किसान एकता हाम्रो प्रतिवद्धता" | कृषि पेशाको संरक्षण किसानको हित साथै बरालिएको कृषिलाई सही मार्ग दर्शन गर्दै नेपाली माटो सुहाउँदो कृषि विकासको मार्ग पहिचान गर्न आवश्यक छ । यसका लागि एकताबद्ध रुपमा किसान आन्दोलनमा उभिन विभिन्न पार्टिका किसान भातृ संघ, संगठन, कृषि र किसानको क्षेत्रमा कार्यरत संघ संस्थाहरुलाई कृषि, भूमि, बन, सिचाई, महासंघको अगुवाईमा अधिकारमा कार्यरत नागरीक समाजको तर्फबाट संयुक्त अपिल । | सरकारको ध्यानाकर्षण ? |
| कृषिमा वैदेशिक लगानी, देशका साना किसान अव कता जाने " | कृषिमा बैदेशिक लगानी खुला गरिदा कृषि प्रधान देशको रुपमा परिचीत नेपालका किसानहरु कालन्तरमा आफ्नो खेतबारीबाटै पलायन हुने, दैनिक रोजीरोटी र जिविकोपार्जनबाट बंचित हुने अवस्थाको श्रृजना भई संविधानले सुनिश्चित गरेको कृषकको मौलिक हक समेत हनन् हुने भएकाले किसानहरुको अधिकार रक्षाको लागि कृषिमा वैदेशिक लगानी स्वीकार्य छैन भनी ध्यानाकर्षण गरिएको छ । फागुन ११, २०७९ | सरकारको ध्यानाकर्षण ? |
| किसानको योजना किसानको सहभागिता | आ.वा.२०८०/०८१ को स्थानीय तहको बजेटमा समावेश गर्नुपर्ने कृषक र कृषिका क्षेत्रको सवालमा आधारीत किसान चौतारी एवं पालिका स्तरीय सम्बाद साथै पालिका तहमा मागपत्र पेश | सरकारको ध्यानाकर्षण? |
| कृषि र किसानको अवस्था अनुरुप व्यवस्थाको लागि कृषि नीति र बजेट | देशका तहगत सरकारहरु आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट बनाउने तयारीमा रहेको सन्दर्भमा कृषि प्रधान देश नेपालले कृषि तथा र खाद्य प्रणाली मार्फत आत्मनिर्भरताको पाईला अगाडि सार्नको लागि सार्थक हस्तक्षेप गर्ने, आयातलाई प्रतिस्थापन गरी देशलाई चाहिने खाद्यान्न आफैं उत्पादन गर्छौं भन्ने राष्ट्रिय संकल्पसहित तहगत सरकारको नीति कार्यक्रम र बजेट माथि सुझाव दिएको छ । | सरकारको ध्यानाकर्षण ? |
| कृषि तथा किसान अधिकार अभियानको १२ औं वर्ष | महासङ्घको १२ औं स्थापना दिवस सप्ताहव्यापीरूपमा मनाउँदै तहगत संरचनाहरूको संलग्नतामा विभिन्न विषयगत छलफल गरी विज्ञ, तथा अग्रजहरूबाट प्राप्त सुझाव एवं परिस्थिति विश्लेषणका आधारमा कार्यान्वयनको पक्ष समेटी संस्थागत कार्ययोजना तय । | घोषणापत्रका आधारमा महासङ्घका गतिविधिहरूको प्रगति समीक्षा र कार्यान्वयन |
| "कृषि बाली संरक्षण वन्य जन्तु नियन्त्रण" | वन्यजन्तुले किसानको बालीमा पुऱ्याउने क्षतिको क्षतिपूर्ति अभियानअन्तर्गत सर्वोच्चबाट महासङ्घको पक्षमा भएको फैसला कार्यान्वयनका लागि वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय निकुञ्ज विभाग बबरमहल मार्फत वन्य जन्तुले क्षति पुऱ्याएको क्षतिको क्षतिपूर्ति | क्षतिपूर्ति दिइने वन्यजन्तुको सूचीमा बाँदरलाई समावेश |

| | | |
|---|---|---|
| | वितरण अर्न्तगत संशोधन गराइ मन्त्रालयसमक्ष पेस गर्नका लागि पहलकदमी । | |
| अनिवार्य लेखा परीक्षण र PAN को व्यावस्था कृषक समुहहरुको दयनिय अवस्था | कृषक समूह दर्ता, नवीकरण, सूचीकरण, मान्यता प्राप्त लेखा परिक्षकबाट लेखापरीक्षण र स्थायी लेखा नम्बिरबारे स्थानीय सरकारसँग छलफल र पैरवी ।<br><br>कृषक समूहहरूलाई प्यान लिन गरिएको व्यवस्था खारेजीको माग गर्दै कृषि विकास मन्त्रालय, अर्थ मन्त्रालय र प्रधानमन्त्रीको कार्यालयमा ज्ञापन पत्र पेस । | सम्बन्धित निकायको ध्यानाकर्षण |
| किसानको उत्पादनको समर्थन मूल्य निर्धारणका लागि सरकारसँग पहल र पैरवी | किसानद्वारा उत्पादित वस्तुहरू अन्न, फलफूल तथा अन्य नगदे बालीहरूको समेत समर्थन मूल्य समयमा नै तोकिनुपर्ने र तोकिएको मूल्यमा किसानको उत्पादन बिक्रीको वातावरण बनाइनुपर्ने विषयमा देशव्यापी अभियान तथा सरकार/सरोकारवालासमक्ष पहल र पैरवीमा निरन्तरता । | सरकारले धान र उखुमा समर्थन मूल्य तोकेको छ । |
| किसानको उत्पादन राज्यको बजार , महासंघको सर्वत्र अपरिहार्य, प्रदेश सरकार संगको सहकार्य | ४. वाग्मती प्रदेश सरकारसँगको सहकार्यमा प्रदेशस्तरीय फौजी कीरा व्यवस्थापन जनचेतना अभियान सञ्चालन<br>५. प्रादेशिक कृषि बिकास २० बर्षे रणनीतिक योजना निर्माण सम्बन्धमा छलफल प्रदेश नं १ बिराटनगर सेप्टेम्बर २२<br>६. सातैवटा प्रदेश सरकार तथा सङ्घीय मन्त्रालयको निमन्त्रणामा बजेट, नीति तथा कार्यक्रम साथै नीतिगत संवाद एवं अन्तरक्रियामा सक्रिय सहभागी भई धारणा एवं सुझाव पेस<br>७. राष्ट्रिय कृषक समूह महासंघ, नेपाल मधेश प्रदेशद्वारा आयोजित किसानको सवालगत बहस कार्यक्रममा उपस्थित किसानहरुले किसानले उत्पादन गरेको वस्तुले लागत मूल्यसमेत नपाउने अवस्था रहेको भन्दै वितरणको जिम्मा स्थानीय सरकारले लिनुपर्ने माँग राखेका छन्। डिसेम्बर २७, २०२२ | समन्वय र सहकार्य भई संस्थागत पहिचान विकास भएको छ । |
| तहगत सरकारका नीति तथा कार्यक्रम, तहगत सरकार, तहगत महासंघ | आ.व. २०८०/८१ को सरकारी नीति तथा कार्यक्रमले सम्बोधन गर्नुपर्ने सवालमा महासङ्घको अडानपत्र, कृषि विकास मन्त्रालय र अर्थ मन्त्रालयमा पेस ।<br><br>आ.व. २०८०/८१ को सरकारी नीति तथा कार्यक्रमले सम्बोधन गर्नुपर्ने सवालमा महासङ्घको अडानपत्र तयार गरी सातवटै प्रदेशका सम्बन्धित मन्त्रालयमा पेस ।<br><br>महासंघले नीीति तथा कार्यक्रमका लागि पेस गरेको अडानपत्रको सामाग्री बनाइ टेलिभिजनबाट नियमीत प्रशारण<br><br>भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेशका माननीय मन्त्री भिम प्रकाश शर्मालाई राष्ट्रिय कृषक समूह महासंघ नेपालको | सरकारी नीति तथा कार्यक्रम मार्फत किसानमैत्री कार्यक्रम एवं कृषि नमुना विस्तारको माग सम्बोधन गरेका छन् । |

| | | |
|---|---|---|
| | नेतृत्वमा फियान नेपाल ,जिल्ला खाद्य अधिकार संजाल र भूमी अधिकार मंच , INSEC कर्णाली प्रदेशको संयुक्त उपस्थिति ९ बुँदे ज्ञापन पत्र<br><br>आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा किसानका माग समाबेश गरियोस् भनी ज्ञापन पत्र हस्तान्तरण ।<br><br>साथै बिरेन्द्रनगर नगरपालिकाका नगर प्रमुख श्री मोहन माया ढकालज्युलाई किसानहरुको मुद्दाहरुबारे २३ बुँदे ज्ञापन पत्र हस्तान्तरण । | |
| यात्रा गोष्ठी र नीतिगत पैरवी एकैसाथ " शिकाई गोष्ठी भ्रमको अन्तेष्ठी" | २०८० श्रावण ९: कार्यक्रम आँखीभ्र्यालमा किसान चौतारीको चर्चा खाद्य सुरक्षाका लागि कृषि मौसम सल्लाह सेवाको महत्व र प्रभावकारीता अध्ययन ।<br>जुन ९, २०२३: किसान परिचयपत्र ज्ञान यात्रा: कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय किसान आयोग, केएर नेपाल, बिभिन्न किसान संघ संगठनहरू, राष्ट्रिय कृषक समूह महासंघ र संचारकर्मीको सहभागीतामा मधेश प्रदेशका विभिन्न पालिकामा । | नमुना विस्तार एवं नीतिगत सम्बोधनका लागि प्रतिबद्धता |
| "सहुलियत कृषि कर्जा,किसानको पहुँच र उर्जा" | समुह तहमा वित्तिय साक्षरता कक्षा संचालन<br>महिला उद्यमीहरूका लागि वित्तीय पहुँचसम्बन्धी नीतिगत संवाद<br>मिटर व्याजबाट पिडीत किसानहरुको आन्दोलनमा महासंघको ऐक्यवद्धता । | साना किसानको व्यावहारिक पहुँचका लागि प्रतिबद्धता |
| विज्ञप्ति, ध्यानाकर्षण, अडान, धारणा "किसानको संगठन किसानको आवाज" | १०. धान तथा उखुको समर्थन मुल्य तोक्ने र त्यसको कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालय र सरोकारवालासमक्ष अनुरोध<br>११. माननीय उपप्रधानमन्त्री तथा अर्थ मन्त्री विष्णु प्रसाद पौडेलसंग निरन्तर दोहोरिने किसानका पीडा कहिलेसम्म भन्दै महासंघ लगायत सरोकारवालाहरुद्वारा ज्ञापन पत्र प्रस्तुत र पेश ।<br>१२. माननीय ज्वाला कुमारी साह, कृषि तथा पशुपन्छी विकास मन्त्री, समक्ष किसानका सवालहरूका सम्बन्धमा महासंघ लगायत नागरिक समाजका संघ संस्थाद्वारा ज्ञापन पत्र प्रस्तुत ।<br>१३. रसायनिक मलमा किसानलाई सरकारले दिदै आएको अनुदान रकम कटौती नगर्न जोडदार माग ।<br>१४. दुग्धको आयात खुल्ला नगर्न माग ।<br>१५. किसानको पीडामा ऐक्यबद्धता तथा माग सम्बोधन गर्न माग ।<br>१६. कृषि, डेरी तथा पोल्ट्री सम्बन्धि बृहत् अन्तर्राष्ट्रिय प्रदर्शनीमा सहभागी माघ २७ देखि २९ , २०७९ चितवन । | |
| किसान संरक्षणमा महासंघको साथ | १७. असार २६ गते महासंघको विज्ञप्ति ।<br>१८. किसान संघ संगठन, महासंघको तर्फबाट लम्पी स्कीन रोगको प्रकोप नियन्त्रण र प्रभावित किसानहरूलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा कृषिका अर्थ मन्त्रालयसंग सम्बन्धित विषयहरूमा आवश्यक बजेट | |

| | | |
|---|---|---|
| | व्यवस्था गर्न ध्यानाकर्षण स्वरूप माननीय अर्थमन्त्री डा. प्रकाशसरण महतलाइ ज्ञापन पत्र पेश। | |
| कालिमाटी तरकारी, "किसानको बजार किसानलाई" | १९. खुल्ला प्रतिस्पर्धा मार्फत कालिमाटी तरकारी बजारका पसल भाडामा लगाउन विज्ञप्ति र श्रृखलावद्ध अभियान। | सरकारको ध्यानाकर्षण |

**रणनीतिक उद्देश्य १.२ :** सदस्य समूहको मानवीय, आर्थिक र सामाजिक अवस्थामा सुधार ल्याउनका लागि उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यावसायिक र वातावरणमैत्री कृषि पद्धति अवलम्बन गर्ने।

१. स्थानीय सरकार र महासङ्घबीचको सहकार्यमा जलवायुमैत्री कृषि नमुना विकास र विस्तारका कामहरूलाई महासङ्घले निरन्तरता दिएको छ।

२. महासङ्घले स्थापनाकालदेखि नै पैरवी गर्दै आएको यस सवालले नीतिगत र अभ्यासमा सार्थकता पाएको छ। खाद्य अधिकार खाद्य संप्रभुता ऐन २०७५ को स्थानीयकरणका साथै संविधानले दिएको अधिकार प्रयोग गरी १६ वटा स्थानीय सरकारले वर्गीकरणसहितको किसान परिचयपत्र र त्यसको आधारमा सेवा/सुविधाको अभ्यास थालनी गरेका छन्। किसान वर्गीकरणको आधारमा सेवा/सुविधामा न्यायोचित पहुँच स्थापना र जीविकोपार्जनमा टेवा पुर्‍याउने उद्देश्यले सुरु गरिएको यस अभ्यासले लक्षित समुदायको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन सार्वजनिक सेवा/सुविधा, प्रविधि, स्रोत आदिमा किसानहरूको पहुँच स्थापनाका लागि सहजीकरण गरेको छ।

वर्गीकरणसहितको किसान परिचयपत्र र त्यसमा आधारित सेवा/सुविधाका लागि जिम्मेवार सरकार निर्माण गर्न प्रदेश १ को बेलका नगरपालिका, कटारी नगरपालिका, कन्काई नगरपालिका, सिद्धिचरण नगरपालिका र सुनकोसी गाउँपालिका, मधेस प्रदेशको भगवानपुर, सखुवानन्कारकट्टी, अग्निसाइर कृष्णसावर, लक्ष्मीपुर पतारी गाउँपालिकाका साथै धनगढीमाई नगरपालिका, गण्डकी प्रदेशको सिरानचोक गाउँपालिका, लुम्बिनी प्रदेशको सरावल र विजयनगर गाउँपालिका, , सुदूरपश्चिम प्रदेशको गोदावरी र कृष्णपुर नगरपालिका साथै भिएस ओ नेपाल संगको सहकार्यमा कर्णाली प्रदेशको लेकवेशी नगरपालिकास्थानीय सरकारलाई वर्गीकरणसहितको किसान परिचयपत्र अभ्यासमा सहजीकरण गरिएको छ। वर्गीकरणसहितको किसान परिचयपत्रबारे नीतिगत व्यवस्थाका लागि प्रदेश तथा सङ्घीय सरकारसँग निरन्तर पैरवी गर्दै आएको छ।

३. सिरहा जिल्लाको भगवानपुर गाउँपालिका र विभिन्न सरोकारवालासँगको सहकार्यमा महासङ्घले २०७० देखि नमुनाका रूपमा सुरु गरेको जग्गा भाडामा लिइ गरिने खेतीको नमुना अभ्यास विभिन्न २३ स्थानमा विस्तार भएको छ। स्थानीय सरकारले यस अभ्यासलाई नीति कार्यक्रम बजेटमार्फत विगत ५ वर्षदेखि निरन्तरता दिएका छन्। स्थानीय सरकारसँगको साझेदारितामा गरिएको यस अभ्यासबाट सीमान्त समुदायका ४६० मुसहर एवं दलित परिवारका १३०० जना लाभान्वित भएका छन्। सीमान्त गरिब, भूमिहीन र साना किसानको जीविकोपार्जनको कोसे ढङ्गाका रूपमा यस अभ्यास स्थापित भएको छ। करार खेतीमा संलग्न किसानहरूलाई मौसमीलगायत अन्य सूचनाको अभ्यासस्वारूप कृषि सल्लाह सेवा जोडिएको छ। स्थानीय, प्रदेश र सङ्घीय सरकारका नीति तथा कार्यक्रममार्फत प्राथमिकताका साथ विस्तारका लागि नीतिगत र संस्थागत अभ्यासको थालनी भएको छ।

४. केएर नेपालको साझेदारीमा संचालित कृषक पाठशाला कार्यक्रम अन्तर्गत किसानको क्षमता विकास र उद्यममा रुपान्तरणको अभ्यास गरिएको छ ।

**कृषक व्यवसाय पाठशाला संचालनका प्रक्रिया**




सिरहा जिल्लाका भगवानपुर, सखुवानन्कारकट्टि, लक्ष्मिपुर पतारी, गाउँपालिका धनगढीमाई नगरपालिका र सप्तरी जिल्लाको अग्निसाईर कृष्ण सावरन, रुपनी गाउँपालिकामा ५०० वटा कृषक समुहका १२००० घरधुरी जलवायु उत्थानशिल योजना निर्माण र कार्यन्वयन, स्थानीय ज्ञान, विऊ, सिकाईको प्रवर्द्धनमा सरिक भएका छन् । संलग्न रहेका छन् । कृषि ज्ञान केन्द्र र पालिका स्तरमै अल्झिएका कृषि प्रसार सेवालाई भुँइ किसानसम्म पुऱ्याउन साथै किसान तहमा रहेका परम्परागत ज्ञानको उपयोग गर्दै पर्यावरण मैत्री दिगो कृषि अभ्यासमा किसान स्वंयसेवकको अगुवाईले नयाँ आयामको शुरुवात गरेको छ, राष्ट्रिय कृषक समूह महासंघ, नेपाल । **बन्दकोठा बाहिर, खेतपातीमा संलग्न किसानका व्यवहारीक सिकाई नै सबैभन्दा महत्वपूर्ण सिकाई हो । खेतीमा आहालित किसाननै सबैभन्दा विद्वान गुरु हुन्** भन्ने मान्यतामा पाठ्यक्रममा आधारीत किसान पाठशालाको संचालनमा रहेको छ ।

केएर नेपालको साझेदारीमा संचालित कृषक पाठशाला कार्यक्रम सिरहा र सप्तरी जिल्लाका २००० सीमान्त घरधुरी तहमा विविधिकृत पोषण बगैचा स्थापना र पोषण व्यवहार परिवर्तन अभ्यासमा सहजीकरण गरिएको छ । समुदाय र घरधुरी तहमा रहेका पोषणमा हानीकारक अभ्यासलाई हटाउने र जीविकोपार्जनमा सहयोग गर्ने उद्देश्य साथै स्थानीय तहको प्रणाली सवलीकरणमा योगदान गर्ने यस कार्यक्रमको उद्देश्य रहेको छ । यस कार्यक्रम अन्तर्गत घरधुरी तहमा भौचरमा आधारीत उत्पादन सामाग्री सहयोग गरिएको छ ।




५. कृषि वन सहज कार्यक्रम अन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिकामा सहभागितामूलक सुनिश्चितता प्रणालीको अभ्यासमार्फत पहिचानसहितको स्वच्छ उत्पादन प्रबर्द्धनलाई अगाडि बढाइएको छ । यस गतिविधिमा १८८ (१०८ महिला ८० पुरुष ) घरधुरी संलग्न रहेका छन् ।

६. सिरहा जिल्लाका भगवानपुर, सखुवानन्कारकट्टि गाउँ पालिकाको ४०० किशोरीलाई उद्यमशिलता क्षमता विकास साथै उद्यम शुरुवती सहयोग गरिएको छ । ब्यवसायिक योजना तयारी, उद्यम विश्लेषण, ब्यवसाय छनौट र संचालनको लागि युवतीहरु सक्षम भएका छन् । ४०० किशोरी मध्य १४० जनाले परिवारका सदस्यहरुको सहयोगमा ब्यवसाय (टेलरीङ, किराना पसल,चुरी, माछापालन, ब्यूटि पार्लर, तरकारी खेती, दुध ) शुरुवात गरेका

छन र दैनिक ३०० देखि ५०० कमाउन थालेका छन् । स्थानीय सरकारले नीति, कार्यक्रम, बजेट विनियोजन गरी उद्यमीहरुको निरन्तर सहयोगको प्रतिवद्धता व्यक्त गर्दै स्वामीत्व लिने जनाएको छ ।

७. भिएसओ नेपालसंगको सहकार्यमा एक्टिभ परियोजना अन्तर्गत कर्णाली प्रदेशको सुर्खेत साथै मधेश प्रदेशको बारा र रौतहट जिल्लाका ३७ वटा कृषक समूहका करीव ६५१ घरधुरी तहमा पर्यावरणीय कृषि अभ्यास, वर्गिकरण सहितको किसान परिचयपत्र तथा जीविकोपार्जन गतिविधि संचालनमा रहेको छ ।

८. डब्लु एच. एच. र लीवर्डसंगको सहकार्यमा कर्णाली प्रदेशको सल्यान जिल्ला र बागमती प्रदेशको धादिङ्ग जिल्लाका संचालीत लान प्लस परियोजना अन्तर्गतका ३६ वटा कृषक समुहका करीव ७०० घरधुरीलाई उत्पादनमा आधारीत खाद्य अधिकार, खाद्य सुरक्षा खाद्य सम्प्रभुताका बारे क्षमता विकास, ६ वटा पालिकामा संगठन विस्तार, पालिका महासंघका सदस्यहरुलाई पैरवी क्षमता विकास साथै महासंघको संस्थागत सवलीकरणका कार्य गरिएको छ । प्रदेश तहमा नीतिगत सबांद कार्यक्रम आयोजना गरिएको छ ।

९. राष्ट्रिय कृषक समूह महासंघ, नेपालद्वारा केएर नेपालको सहयोगमा संचालन भई रहेको वर्गीकरण सहितको किसान परिचय पत्र वितरण तथा विस्तार परियोजनाको क्रियाकलापमा समावेशी आयोग, मन्त्रालयका कृषि तथा पशुपंक्षि विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय समावेशी आयोग, राष्ट्रिय किसान आयोग, केएर नेपाल, महासंघ, मिडिया, त्यस्तै राजनीतिक दलका प्रतिनिधिहरु अखिल नेपाल किसान महासंघ, नेपाल किसान महासंघ, अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी केन्द्र), अखिल नेपाल किसान महासंघ (समाजबादी), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी), अखिल नेपाल किसान महासंघ (क्रान्तिकारी महासंघ) हरुको सहभागिता रहेको थियो ।

**रणनीतिक उद्देश्य १.३** : छरिएर रहेका भूमिहीन, सीमान्त र साना महिला तथा पुरुष कृषकहरूलाई कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूमा आबद्ध गर्दै सङ्गठित गर्ने ।

